पाँचखपन नगरपालिका

# नगर कार्यपालिको कार्यालय

वाना, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
सू.नं.: ३४

पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालय वाना संखुवासभा स्था-२०७३

आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन आवेदन पेश गर्ने बारे सूचना।
प्रकाशित मितिः २०८२/११/२६, ने.सं. ११४६

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व. २०८३/०८४ मा यस नगरपालिकाबाट प्रदान गरिने न्यूनतम १०० दिन बराबरको रोजगारीमा संलग्न भइ सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक यस नगरपालिका भित्र स्थायी बसोबास हुने विपन्न बेरोजगार व्यक्तिहरुले मिति २०८२ साल चैत्र मसान्तसम्म स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आवेदन पेश गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन साथ पेश गर्नु पर्ने कागजात तथा विवरणहरु:-

१. आवेदकको नागरिकताको प्रतिलिपि र १ प्रति फोटो।

२. फाराममा भएको पारिवारिक विवरणमा परिवारको कुल संख्या सम्पूर्ण सदस्यको नाम, जन्म मिति, नागरिकता नं., जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सीप, रोजगारीको अवस्था, सामाजिक सुरक्षा कोषबाट वा कुनै पनि प्रकारको नियमित आर्थिक सहायता प्राप्त गरे / नगरेको आदी विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ।

३. यस अघि सूचीकरण भएका रोजगारमा संलग्न भएका व्यक्तिले समेत आगामी वर्षमा काममा खटिन चाहेमा पुनः आवेदन गर्नु पर्नेछ साथै लाभग्राही नं. र प्राप्त रोजगारी दिन समेत फाराममा खुलाउनु पर्नेछ।

४. आवेदक कुनै किसिमको नियमित रोजगार वा स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ। आवेदकले सम्पर्क नं., बैंक खाता विवरण र वार्षिक आय स्पष्ट उल्लेख गर्नु पर्नेछ।

५. आवेदक १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्नेछ।

*पुनश्चः उल्लिखित विवरणहरु गलत वा अपूर्ण भएमा EMIS मा प्रविष्ट गर्दा फाराम स्वतः रद्द हुने बेहोरा जानकारी गराउदै आवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी वडा कार्यालय, रोजगार सेवा केन्द्र वा यस कार्यालयको वेवसाइट www.panchkhapanmun.gov.np बाट प्राप्त गर्न सकिने बेहोरा समेत जानकारी गरिन्छ।*

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका